# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

**हात्तीसार, काठमाण्डौं**

## कार्यक्षमता मुल्याङ्कनको आधारमा हुने वढुवाको सूचना

**प्रकाशित मितिः २०७८/०५/२५ गते**

(सूचना नं. १/०७८-७९)

लोक सेवा आयोगबाट प्रतिशत निर्धारण भई सहमति प्राप्त भएबमोजिम कम्पनीमा रिक्त रहेका कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०६८ (संशोधनसहित) बमोजिम बढुवाको लागि उम्मेदवार हुन योग्य उम्मेदवारले पदपूर्ति समितिले निर्धारण गरेको ढाँचा अनुसारको दरखास्त फारममा उल्लिखित विवरण खुलाई मिति २०७८/०६/१४ गते भित्र कम्पनीको कार्यालय, हात्तीसारमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | बढुवा सूचना नं. | तह | पद | सेवा, समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/०७८-७९ | ९ | वरिष्ठ प्रवन्धक (वित्त) | प्रशासन, वित्त | १ (एक) |

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको एभरेष्ट बैंक लिमिटेड, सिंहदरवार शाखामा रहेको चल्ती खाता नं. ००१००१०५२०१०९८ मा दरखास्त दस्तुर रु. १६०० (एक हजार छ सय) मात्र जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

- दरखास्त बुझाउने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ ।
- दरखास्त फाराम कम्पनीको मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा वा कम्पनीको वेव साइट www.hidcl.org.np बाट प्राप्त गर्न सकिनेछ ।

## खुला प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशित मितिः २०७८/०५/२५ गते**

(सूचना नं. २/०७८-७९)

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको देहायबमोजिमका पदहरु लोक सेवा आयोगद्वारा लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसीलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वकको दरखास्त आव्हान गरिएको छ। तोकिएको न्युनतम योग्यता पुगेका उम्मेदवारले कम्पनीको वेभसाइट www.hidcl.org.np मा गई Online Application मार्फत् आवेदन दिनुपर्नेछ ।

| क्र.सं | विज्ञापन नं. | तह | पद | सेवा | समूह | खुला /समावेशी | पद संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/०७८-७९ | ८ | प्रवन्धक | प्रशासन | प्रशासन | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरेको र नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको अनुभव हासिल गरेको । |
| २. | ०२/०७८-७९ | ८ | प्रवन्धक | प्रशासन | वित्त | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन सङ्कायबाट वित्त वा लेखा मूल विषय लिई स्नातकोत्तर उपाधि हासिल गरेको र नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको, वा<br>मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाको सदस्यता प्राप्त गरेको र नेपाल सरकारको वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी काममा कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको। |
| ३. | ०३/०७८-७९ | ८ | प्रवन्धक (जलविद्युत) | प्राविधिक | इन्जिनियरिङ्ग | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट जलविद्युत वा जलस्रोत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र नेपाल सरकार वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा जलविद्युत डिजाईन, निर्माण वा उत्पादनको कार्यमा कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको। |
| ४. | ०४/०७८-७९ | ८ | प्रवन्धक (जलविद्युत) | प्राविधिक | इन्जिनियरिङ्ग | महिला | १ (एक) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | ०५/०७८–७९ | ७ | वरिष्ठ अधिकृत | प्रशासन | वित्त | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन सङ्कायबाट वित्त वा लेखा मूल विषय लिई स्नातकोत्तर उपाधि हासिल गरेको वा कम्तीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाको सदस्यता प्राप्त गरेको । |
| ६. | ०६/०७८–७९ | ७ | वरिष्ठ अधिकृत | प्रशासन | वित्त | महिला | १ (एक) | |
| ७. | ०७/०७८–७९ | ६ | अधिकृत | प्रशासन | प्रशासन | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि हासिल गरेको । |
| ८. | ०८/०७८–७९ | ६ | अधिकृत | प्रशासन | वित्त | खुला | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन सङ्कायबाट वित्त वा लेखा मूल विषय लिई स्नातक उपाधि हासिल गरेको वा मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाको सदस्यता प्राप्त गरेको । |
| ९. | ०९/०७८–७९ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | खुला | १ (एक) | माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एस.एल.सी.ई.) मा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम डि प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरी उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| १०. | १०/०७८–७९ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | महिला | १ (एक) | |

**नोटः**

१. **परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता ।

२. **परीक्षाको केन्द्र**: काठमाण्डौ ।

३. **पाठ्यक्रमः** विज्ञापित पदहरुको पाठ्यक्रम कम्पनीको वेभसाइट www.hidcl.org.np बाट प्राप्त गर्न सकिनेछ ।

४. **परीक्षा दस्तुरः** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| आठौं | रु. १,४००।– (एक हजार चार सय ) | रु. ५००।– (पाँच सय) |
| सातौं | रु. १,२००।– (एक हजार दुई सय) | रु. ४००।– (चार सय) |
| छैठौं | रु. १,०००।– (एक हजार) | रु. ४००।– (चार सय) |
| पाँचौं | रु. ८००।– (आठ सय) | रु. ३००।– (तीन सय) |

५. **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा तह ८ को पदको लागि ४० वर्ष उमेर ननाघेको, तह ६ र तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र तह ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

६. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कर्मचारी विनियमावली २०६८ (संशोधनसहित) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

७. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०६/१४ सम्म र दोब्बर दस्तुर तिरी २०७८/०६/२१ सम्म ।

८. **तलव, सुविधा र सेवा शर्तः** हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कर्मचारी विनियमावली २०६८ (संशोधनसहित) र कम्पनीको अन्य नियमानुसार ।

९. **तह ८ पदमा उम्मेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः**

अ) कुनै सकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भएपनि उम्मेदवार हुन सक्नेछ ।

आ) देहाय बमोजिमको निकायमा रहि सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः–

(क) निजामती तथा अन्य सरकारी निकाय,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था,

(ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय,
(ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,
(च) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,
(छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस,
(ज) सामुदायिक विद्यालय,
(झ) लोक सेवा आयोगले मान्यता प्रदान गरेको सूचीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठित संस्था।

- माथि उल्लेख भएबाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिसमेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
- सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्वन्धमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन ।
- नियुक्तिपत्र वा करारनामामा उल्लिखत पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्वन्धित निकायले सो पद अधिकृत स्तरको हो भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।
- माथि उल्लिखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

१०. **परीक्षणकालको अवधिः** १ वर्ष (महिलाको हकमा ६ महिना)।

११. लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगको समन्वयमा पछि प्रकाशित गरिनेछ ।

१२. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१४. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुरसहित दरखास्त पेश गरि सक्नुपर्नेछ ।

**१५. अनलाइन प्रणालीबाट दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

(क) **अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले दुवै कान देखिने पासपोर्ट साइजको फोटो, दस्तखत, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता (न्युनतम शैक्षिक योग्यताको मात्र), तालिम, अनुभव, चारित्रिक प्रमाणपत्र, विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारको हकमा समकक्षता तथा तह ८ को प्रवन्धक (जलविद्युत) पदका लागि नेपाल इञ्जिनियरिङ्ग परिषदमा दर्ता भएको व्यावसायिक प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका अन्य कागजपत्रहरु अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गनुपर्नेछ।

(ख) अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्ने तरिका/विधि विस्तृत विवरण कम्पनीको वेभसाइट www.hidcl.org.np मा राखिएको छ ।

- कम्पनीको वेभसाइट https://www.hidcl.org.np/ भित्र Career को Online Application मा Click गरि अर्थात कम्पनिको Online Software को URL https://www.hidclvacancy.rigoerp.com लाई कुनै Browser मा खोलेर, त्यहाँ देखिने Pop Up Window मा उल्लेख गरिएको विवरण अध्ययन गरी उक्त Window लाई बन्द गर्ने र आफ्नो व्यक्तिगत Email ID प्रयोग गरेर पहिले आफुलाइ Registration गर्नुपर्नेछ ।
- यसरी Registration गरेपश्चात उम्मेदवारले राखेको Email मा प्राप्त हुने Password Set गर्ने लिङ्कमा Click गरी आफुले सम्झन सजिलो हुने गरी Password Set गर्न सकिनेछ ।
- यसरी Set गरिएको Password र Email/User ID को प्रयोगबाट उम्मेदवारले Online Software मा Log In गरी दरखास्त फाराम भर्न सकिनेछ।

(द्रष्टव्यः दरखास्त पेश गर्दाको समयदेखि प्रवेशपत्र प्रिन्ट नहुँदासम्म अथवा पछि पनि सोही Email/User ID र Password प्रयोग गर्नुपर्ने भएकोले उम्मेदवारले सो Email/User ID र Password लाई अत्यन्तै सुरक्षित र स्मरणमा राख्नुपर्नेछ)

१६. User Id बनाई Log in गरे पश्चात् फाराम भर्ने तरीका र परीक्षा दस्तुर बुझाउने विधि सम्वन्धी विस्तृत विवरण Online Software मा सुरुमा देखिने Pop Up Window मा राखिएको छ । उम्मेदवारले परीक्षा दस्तुर तिर्नको लागि कम्पनीको Online Software मा उपलब्ध अनलाइन भुक्तानीका माध्यमहरुमध्ये कुनै एक माध्यम प्रयोग गर्नुपर्नेछ ।

१७. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१८. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै समस्या भएमा निम्न नम्बरमा सम्पर्क गर्न सकिनेछ ।

१९. सम्पर्क नम्वरः ०१–४५४५०१३/१४/१५/१६

सदस्य सचिव
पदपूर्ति समिति